पचालझरना गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ५ प्रमाणित मितिः२०८१/११/२३

भाग-१

पचालझरना गाउँपालिका

## पचालझरना गाउँपालीका मर्मत सम्भार कोष संचालन कार्यविधी, २०८१

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

# पचालझरना गाउँपालीका मर्मत सम्भार कोष संचालन कार्यविधी, २०८१

**प्रस्तावनाः**

पचालझरना गाउँपालीका क्षेत्रभित्र रहेका पूर्वाधार,सम्पदा,उपकरण आदिको समयमा नै मर्मत सम्भार गरि लागत प्रभावकारीता माध्यमले खर्च मितव्ययीता र दिगो वनाउँन आवश्यक भएको,मर्मत सम्भारलाई व्यवस्थित गरि नियमन गर्न र जवाफदेही बनाउँन बाञ्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन २०७४ को तफा १०२ ले दिएको अधिकार प्रयोग गरी पचालझरना गाउँ कार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

**१.सक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधीको नाम “पचालझरना गाउँपालीका मर्मत सम्भार कोष संचालन कार्यविधी,२०८१” रहेको छ ।

२) यो कार्यविधी तत्काल लागू हुनेछ ।

**२.परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा ः

क) “कार्यविधी” भन्नाले पचालझरना गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधी, २०८० लाई बुझाउँने छ ।

ख) “गाउँपालीका” भन्नाले पचालझरना गाउँपालिकालाई बुझाउनेछ ।

ग) “गाउँ कार्यपालिका” भन्नाले पचालझरना गाउँ कार्यपालिकालाई बुझाउँनेछ ।

घ) “स्थानिय तह” भन्नाले पचालझरना गाउँपालिकालाई बुझाउँनेछ ।

ङ) “उपभोक्ता समिती” भन्नाले गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउनेछ ।

च) “अध्यक्ष” भन्नाले पचालझरना गाउँपालिकाको अध्यक्षलाई बुझाउँनेछ ।

छ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले पचालझरना गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई बुझाउँनेछ ।

ज)“भौतीक पूर्वाधार” भन्नाले गाउँपालीका क्षेत्र भित्रका सडक,ढल,पुल, कल्भर्ट, कुलो, खानेपानी, तटबन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनिक संरचनाका अतिरिक्त पुरातात्विक,साँस्कृतिक,ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ ।

झ) “समिती” भन्नाले यो कार्यविधी वमोजिम गठन हुने समितीलाई बुझाउँनेछ ।

ञ) “सयोजक” भन्नाले मर्मत सम्भार कोष व्यवस्थापन समितीको संयोजकलाई जनाउँनेछ ।

__३.उदेश्य :__ यो कार्यविधीको उदेश्य निम्नानुसार रहेको छ ।

क) भौतिक पूर्वाधारहरु दिगो रुपमा संचालन भइरहने अवस्थाको सृजना गर्ने ।

ख) स्थानीय श्रम सिप र प्रविधिमा मर्मत सम्भार गर्ने ।

ग) समयमा नै मर्मत सम्भार गर्दा थप धन जन र संरचनाको नोक्सानी हुनबाट जोगिने ।

घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने ।

**४.मर्मत सम्भार कोष स्थापनाः** मर्मत सम्भार कोषको नामको एउटा छुट्टै कोषको स्थापना गरिने छ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँ सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पूर्वाधार विकास सम्बन्धि योजनाहरुको कन्टिन्जेन्सी रकमको ३३ प्रतिशतले हुन आउँने रकम ।

च) अन्य स्थानिय तहबाट मर्मत संम्भार वापत प्राप्त हुने रकम ।

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

**५.खर्च गर्ने कार्यक्षेत्र** ः(१) मर्मत सम्भार कोषबाट देहाय वमोजिम वमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ ।

क) कार्यपालीका कार्यालय,न्यायिक समिती हल, सभाहल लगायत निर्मित संरचनाको मर्मत संम्भार सम्बन्धि कार्य ।

ख) ढल मर्मत सम्भार,ह्युम पाइप खरिद तथा मर्मत कार्य ।

ग) वडा कार्यालय/सामुदायिक भवनहरु मर्मत कार्य ।

घ) नाली सरसफाई तथा मर्मत कार्य ।

ङ) विद्युत लाईन मर्मत तथा भाँचिएका पोल मर्मत तथा सौर्य उर्जाबाट संचालित यन्त्र उपकरण र बत्ती मर्मत सम्बन्धि कार्य ।

च) सडकका खाल्डा खुल्डी पर्ने तथा मर्मत सम्भार गर्ने कार्य ।

छ) खानेपानी मुहान, पाइप तथा धारा मर्मत कार्य ।

ज) तटबन्ध, वाध मर्मत तथा ग्याविन जाली मर्मत कार्य ।

झ) पुल तथा कल्भर्ट मर्मत सम्भार कार्य ।

ञ) सामुदायिक विद्यालय/स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भैपरी आउँने मर्मत कार्य ।

ट) वडा भित्र हुने भैपरी आउँने आकस्मिक/भैपरी आउने स-साना मर्मत कार्यहरु ।

ठ) मठ/मन्दिर/गुम्बा/चर्च/मस्जिद इतयादी धार्मिक सम्पदाहरुको मर्मत सम्भार कार्य ।

२) तर नयाँ निर्माण वा अधुरा रहेका योजनाहरु पुरा गर्नका लागी यस कोषको रकम प्रयोग गरिने छैन ।

**६.खर्च गर्ने विधि र प्रकृया** : मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुनेछ ः

क) एक पटकमा अधिकतम रु. १,००,००० सम्मको मर्मत सम्भार कार्य प्रमुख प्रशासकिय अधिकृतको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेल्ला, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

ख) एक पटकमा रु. १,००,००० भन्दा बढी रु. ५,००,००० सम्मको मर्मत कार्य मर्मत सम्भार समितीको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

ग) कोषमा रहेको रकमको उपलब्धतालाई मध्यनजर गरी रु. ५,००,००० भन्दा बढीको मर्मत कार्य मर्मत सम्भार कोष व्यवस्थापन समितीको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार गर्न सकिने छ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

घ) कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीबाट मुल्याकन सिफारिस गर्नुपर्नेछ ।

ङ) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक विल भपाई/डोर हाजिरीका आधारमा मर्मत कार्य गर्ने व्यक्ति/सस्था/फर्मलाई भुक्तानी दिइनेछ ।

च) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायता खर्च गर्न पाईने छैन ।

**७.मर्मत सम्भार कोष व्यवस्थापन समिती** : (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संचालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिती रहने छ :

क) गाउँपालिका अध्यक्ष -संयोजक

ख) गाउँ पालिका उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) मर्मत सम्भार गरिने सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य -सदस्य

ङ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव

२) समितीको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३) बैठकमा आवश्यता अनुसारका सम्वद्ध विशेषज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

४) समितीको बैठक संचालन कार्यविधी समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ।

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

**८.मर्मत सम्भार कोष व्यवस्थापन समितीको काम,कर्तव्य र अधिकार** : मर्मत सम्भार कोष व्यवस्थापन समितीको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका क्षेत्र भित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकि मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउँने ।

ख) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नका लागी श्रोत साधनको खोजि गर्ने ।

ग) सडक, ढल, खानेपानी, सिचाई, पुल,कल्भर्ट,तटबन्ध,भवन,सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक वा आकस्मिक मर्मत सम्भार/स्तरोन्नती सम्बन्धि व्यवस्थापकीय कार्यहरु गर्ने ।

घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउँने उपायहरुको खोजी गर्ने ।

ङ) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्समसन्बन्धि कार्यायोजना बनाउँने ।

च) मर्मत सम्भार सम्बन्धि कार्यको अनुगमन तथा निरिक्षण गर्ने ।

छ) आवश्यकता अनुसार आकस्मिक/मोवाइल मर्मत टोलि गठन गरि कार्य जिम्मेवारी तोकि मर्मत सम्भारको कार्यलाई छिटो,छरितो र प्रभावकारी वनाउँने ।

**९.मर्मत सम्भारको लागि छनौटको मापदण्डः** उपभोक्ता समिती र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिती,स्थानिय हाटबजार व्यवस्थापन समितीवाट मर्मत सम्भारका लागी एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालीकाले आवश्यकता ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।

क) सबैभन्दा बढी क्षती भएका भौतीक संरचनाहरुको आधारमा ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग) लाभान्वित हुने जनसख्या वा घरधुरीको आधारमा ।

घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

ङ) सार्वजनिक भौतिक संरचनाको दिर्घकालिन उपयोगिता र आवश्यकताको आधारमा ।

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

**१०.अनुगमन तथा सुपरिवेक्षण** : मर्मत सम्भार कोषवाट संचालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्याकन देहाय बमोजिम हुनेछ ।

क) रु. ५,००,००० भन्दा साना मर्मत कार्यको हकमा वडा स्तरीय अनुगमन समितीवाट र सो भन्दा माथिका मर्मत कार्यको हकमा गाउँपालीका स्तरीय अनुगमन समितीबाट अनुगमन गरि गाउँपालीका कार्यालयमा सिफारिस गर्नुपर्नेछ

ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितीबाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ ।

ग) अनुगमन प्रतिवेदनमा औल्याईएका सुझावहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन समितीमा छलफल गरि आवश्यक सुधार गर्नुपर्नेछ ।

**११.सशोधन वा खारेजी** :(१) मर्मत संम्भार कोष संचालन कार्यविधी संसोधन वा खारेजी गर्नु परेमा गाउँ कार्यपालीकाबाट हुनेछ ।

(२) यो कार्यविधीमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

आज्ञाले,

कमल बहादुर बम

प्रमुख प्रशासकीय अधिकृत

कमल बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत